# नेपाल विद्युत प्राधिकरण
# व्यवसाय विकास निर्देशनालय
# विद्युत व्यापार विभाग

**प्रवर्द्धकहरुलाई आयोजनाको RCOD थप गर्न विभागमा सम्पर्क गर्न आउने सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८३/०१/०९

ने.वि.प्रा. संचालक समितिको मिति २०७१/०५/३१ को ६८८ औं बैठकबाट निजी क्षेत्रका विद्युत प्रवर्द्धक कम्पनीहरुसँग सम्पन्न विद्युत खरिद बिक्री सम्झौता र ग्रिड कनेक्सन एग्रिमेन्टमा मा उल्लेखित ने.वि.प्रा. को दायित्वमा पर्ने प्रसारण लाइन तथा सवस्टेशन निर्माण कार्य सम्पन्न नभएको अवस्थामा विविध शर्तहरुको अधिनमा रही निर्माण सम्पन्न नभएका सम्वन्धित आयोजनाहरुको व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (RCOD) संशोधन गर्न स्वीकृति दिने निर्णय भएको विदितै छ। तसर्थ RCOD सम्ममा आयोजनाको निर्माण सम्पन्न नभएका र तपशिल बमोजिमका शर्तहरु पुरा गरेका प्रवर्द्धकहरुलाई आफ्नो आयोजनाको RCOD थप गर्न सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र विभागमा सम्पर्क गर्नुहुन ने.वि.प्रा.को मिति २०८३/०१/०६ को निर्णयअनुसार यो सूचना जारी गरिएको छ।

<u>तपशिल :</u>

*क) आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त भएको।*

*ख) आयोजनाको वित्तिय व्यवस्थापन (Financial Closure) सम्पन्न भएको।*

*ग) RCOD समाप्त हुनु अगावै RCOD संशोधनको लागि प्राधिकरणमा निवेदन पेश गरेको।*

*घ) माथि उल्लेखित शर्तका अतिरिक्त आयोजनाले भौतिक निर्माण कार्य प्रारम्भ गरी प्राधिकरणको प्रशारण लाईन तथा सवस्टेसन को निर्माण प्रगतिको अनुपातमा प्रगती हासिल गरेको।*

सूचना www.nea.org.np मा समेत प्रकाशित गरिएको व्यहोरा समेत जानकारी गराईन्छ ।